नेपाल सरकार

# गृह मन्त्रालय

(........नागरिकता तथा राहदानी..... शाखा)

पत्र संख्याः- ना.तथा स.क २०६८/०६९

चलानी पत्र संख्या र मितिः-

च न - ५९८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:२०६८/०१/२८

विषय :- <u>नागरिकतामा थर सच्याउने सम्बन्धमा</u> ।

श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने गरी तत्कालीन श्री ५ को सरकार (मं.प.) बाट मिति २०५२।०४।०४ मा निर्णय भई २०५२।०४।२१ मा सबै जिल्लामा परिपत्र गरिएको र मिति २०६३।०४।२२ मा पुनः सोही व्यहोरा उल्लेख गरी सो व्यवस्था कडाईका साथ लागू गर्न परिपत्र गरिएको व्यहोरा अवगतै छ । उक्त परिपत्र अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने गुनासाहरु आएकोले यस सम्बन्धमा भएको पूर्व परिपत्र अनुसारको व्यवस्था कार्यान्वयन गर्न गराउन पुनः निर्देशन पठाउने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६८।०१।२७ मा निर्णय भएकोले सो बमोजिम गर्न गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराइ दिन हुन निर्णयानुसार अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय दलित आयोग,
पो.ब.नं. १३७५८
मध्यबानेश्वर, काठमाडौं ।

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार

काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/६४

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- १८४

मिति :- २०६३/०७/१४

विषय :- थर राखी नागरिकता उपलब्ध गराउने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,

...............सबै.......... ।

सम्मानित सर्वोच्च अदालतको मिति २०६३।०२।०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिंदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफरिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखी नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्न गराउनु भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०६३।०७।१४

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

( नागरिकता तथा हातहतियार ....................................... शाखा)

पत्र संख्या:- ०६३।६४

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ४३

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- २०६३/०४/२२........

विषय: नागरिकतामा थर सच्याउने सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सवै ।

नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद ६(क) मा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णता र हिनताबोधले गरी फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिने र त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर, ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्यान चाहेमा जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याइदिने भन्ने व्यहोराको प्रावधान रहेको स्पष्टै छ ।

यति हुँदा हुदै पनि कतिपय प्रमुख जिल्ला अधिकारीहरुले सो वमोजिम नगरेको गुनासाहरु वारम्वार आउने गरेको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट हिनताबोध हुने थरको सट्टामा राष्ट्रिय दलित आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपी दिन मिल्ने-नमिल्ने सम्वन्धमा लिखित निर्देशन समेत माग भई आएको सन्दर्भमा निर्देशिकाको ६(क) मा उल्लेख भए अनुसार महाकाली अञ्चलका केही जिल्लाहरुको हकमा नागरिकतामा थर सच्याउन सकिने भनी राखिएको प्रावधान अन्य जिल्लाहरुको हकमा समेत लागू गर्न र हिनतावोध हुने थरहरु संशोधन गर्न चाहनेहरुका सम्वन्धमा निर्देशिका एवम् यस अधिका परिपत्रहरुमा भएका व्यवस्थाहरु कडाईका साथ लागू गर्न सवै जिल्लामा परिपत्र गर्न नेपाल सरकार (सचिवस्तर) वाट मिति २०६३।०४।२१ मा निर्णय भएकोले सो निर्णय अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

(सुनील खनाल)

शाखा अधिकृत